**मिति २०७६/०९/१० मा भएको गाउँ कार्यपालिकाको ५३ औं बैठकको निर्णयहरु :**

१. आर्थीक वर्ष २०७६/०७७ को दोस्रो गाउँ सभा मिति २०७६ पुस २८ गते सोमवार ११:०० बजे बस्ने निर्णय गरियो ।

२. आ.व.२०७६/०७७ को समपुरक कोषमा विनियोजित बजेट रु.३ करोडलाई देहायका योजनाहरुमा बाँडफाँड गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको विवरण | ठेगाना | रकम |
|---|---|---|---|
| १ | गाउँ पालिकाको प्रशासकिय भवन निर्माण | | ७000000.00 |
| २ | गाउँ पालिकाको प्रशासकिय भवनको डि पि आर | | १000000.00 |
| ३ | वडा नं. १ को वडा कार्यालय भवन निर्माण | | ७१00000.00 |
| ४ | खुदी - घनपोखरा - नायू सडक | मर्स्याङ्दी गा.पा.- १,२ | २९00000.00 |
| ५ | सिमलचौर भूमिगत सिँचाई | मर्स्याङ्दी - ८ | ५000000.00 |
| ६ | ङादी - बाहुनडाँडा - घेर्मु सडक | मर्स्याङ्दी गा.पा.-५,६ | ४000000.00 |
| ७ | ङादी - उस्ता - बराहपोखरी सडक | मर्स्याङ्दी गा.पा. - ७ | ३000000.00 |
| | **जम्मा** | | ३0000000.00 |

३. नेपाल सरकार द्वारा जारि गरिएको चिकित्सक वा स्वास्थ्य कर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७६ अनुसार यस गाउँपालिका अन्तर्गत रिक्त रहेका निम्न पदहरुको पदपूर्ति गर्नका लागि दरखास्त आव्हान गर्ने निर्णय गरियो ।

   १. हे.अ. (पाचौं) - ३
   २. प.हे.न. (पाचौं) - १
   ३. अ.हे.व. (चौथो) - १०
   ४. अ.न.मी. (चौथो) - ६

४. कृषि र पशु तर्फ चौथो तहको प्राविधिक कर्मचारी एक एक जनाका दरले दरखास्त आव्हान गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

५. थप संरचना सहितको व्यवस्थित खेल मैदान निर्माणका लागि मर्स्याङ्दी - ३ स्थित घनपोखरा खेल मैदान छनौट गर्ने निर्णय गरियो । साथै सो खेलमैदान वरीपरिका आवश्यक जग्गाहरु व्यवस्थापन गरि आवश्यक सहयोगका लागि संघिय सरकार सँग बजेट माग गर्ने निर्णय गरियो ।

६. भ्रमण वर्ष २०२० लाई लक्षित गरी यस गाउँपालिकाको पर्यटन प्रवर्द्धनको लागि यस पालिकाको सम्पूर्ण धार्मीक, ऐतिहासिक तथा प्राकृतिक क्षेत्रहरुलाई चिनारी गराई प्रचार प्रसार गर्नको लागि ब्रसर तयार गर्ने निर्णय गरियो ।

७. कृषि, पशु र जटिबुटीको प्रचुर सम्भावना भएको यस पालिकाको निम्न क्षेत्रहरुलाई पकेटमा व्यवसायिक खेतिको विकास गर्न कृषि पकेट क्षेत्र निर्धारण गरी आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

- आलु पकेट क्षेत्र - मर्स्याङ्दी - २, मर्स्याङ्दी - ४
- तरकारी पकेट क्षेत्र - मर्स्याङ्दी - ८ भुस्मे, मर्स्याङ्दी - ९ बगुवा/ढाँड, मर्स्याङ्दी - ५, घेर्मु
- कफि पकेट क्षेत्र - मर्स्याङ्दी - ३/मर्स्याङ्दी - ७/ मर्स्याङ्दी - ६
- धान पकेट क्षेत्र - मर्स्याङ्दी ८, सिमलचौर / मर्स्याङ्दी - ३ तरापु
- किवी पकेट क्षेत्र - मर्स्याङ्दी - ५
- कागती पकेट क्षेत्र - मर्स्याङ्दी - ९, लामागाउँ

८. फोहोरमैलाको दिगो व्यवस्थापनका लागि फोहोरहरुबाट विभिन्न सामाग्रीहरु बनाउने सम्वन्धि तालिम सञ्चालन गर्ने निर्णय गरियो । सोका लागि आवश्यक बजेट खर्च शिर्षक नं. २२५१२ अन्तर्गतको सिपमूलक तथा क्षमता विकास तालिम शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

९. वडा नं. ३ को कार्यालय भवन मर्मत सम्भार सम्वन्धि काम अमानतबाट सम्पन्न भई कार्यालय स्थानान्तरण समेत भई सकेको हुँदा प्राविधिकको नाप, जाँच, मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा खर्च रकम रु. ७१,५८०।- खर्च शिर्षक नं. ३११५९ अन्तरगत 'कार्यालय सँग सम्वन्धित अन्य सार्वजनिक निर्माण' शिर्षकबाट भुक्तानीको लागि अनुमति दिने निर्णय गरियो ।

१०. मर्स्याङ्दी गाउँपालिकाको वडा नं. १ र ३ को वडा कार्यालय भवन तथा मर्स्याङ्दी - १ को पोजे खोला र करे खोला तथा वडा नं. ३ र ९ जोडने खुदी खोला झोलुङ्गे पुलको टेण्डर सम्बन्धमा गठित मूल्याङ्कन समितिले गरेको मूल्याङ्कन प्रतिवेदनलाई स्विकृत गर्ने निर्णय गरियो ।

११. मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ को वडा कार्यालय भवन निर्माणको लागि डिपिआर सम्पन्न गरी टेण्डर समेत गरी सकेको हुँदा सो वडा कार्यालय भवन निर्माणको लागि आवश्यक बजेट जिल्ला समन्वय समिति, लमजुङबाट स्थानिय तहहरुलाई बाँडफाँड हुने रकमबाट यस गाउँपालिकालाई प्राप्त हन आउने रकम माग गरी खर्च गर्ने निर्णय गरियो ।

१२. मर्स्याङ्दी गाउँ शिक्षा समितिको मिति २०७६/९/६ मा बसेको बैठकको निर्णय अनुसार प्रभात शान्तिपूर्ण मा.वि.को प्राथमिक तहको राहत दरबन्दि र धर्मभक्त आधारभूत विद्यालयको स्विकृत दरबन्दि सट्टापट्टा गर्नको लागि गाउँ शिक्षा समितिको सिफारिस र दुवै विद्यालयको वि.व्य.स.को निर्णय समेत भई आएको हुँदा सो दरबन्दिहरु सट्टापट्टा गर्नको लागि सहमति दिने निर्णय गरियो ।

१३. थप संरचन्ना सहितको व्यवस्थित खेल मैदान निर्माणका लागि मर्स्याङ्दी - ४, रामबाजरा स्थित खेल मैदान छनौट गर्ने निर्णय गरियो । साथै सो खेलमैदान वरीपरिका आवश्यक जग्गाहरु व्यवस्थापन गरि आवश्यक सहयोगका लागि प्रदेश सरकार सँग बजेट माग गर्ने निर्णय गरियो ।

१४. नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिँहदरबारमा समपुरक तथा विशेष अनुदानको लागि निम्न योजनाहरु पठाउने निर्णय गरियो ।

❖ सडक :

- खुदी - शिउरुङ - स्याङ्गे सडक
- खुदी - पाम्पचोक - भलामचौर - घलेगाउँ सडक
- बाहुनडाँडा - घेर्मु सडक
- ङादी - उस्ता - बराहपोखरी सडक
- खुदी - रोप्लेफाँट - घनपोखरा - नायू सडक

❖ स्वास्थ्य चौकी भवन :

- ताघृङ स्वास्थ्य चौकी भवन
- सिम्पानी स्वास्थ्य चौकी भवन
- बाहुनडाँडा स्वास्थ्य चौकी भवन

❖ सिँचाई :

- सिमलचौर भुमिगत जल सिँचाई

❖ खानेपानी :

- सिम्पानी खानेपानी योजना

❖ पार्क :

- शहिद स्मृति पार्क, मर्स्याङ्दी - ३, खुदी जल्किने

१५.यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- चन्द्रकुमारी गुरुङ, मर्स्याङ्दी - १ रु. ५,०००।-
- विष्णु बि.क., मर्स्याङ्दी - २ रु. १०,०००।-

- कविता बि.क. मर्स्याङ्दी - २ रु. १०,०००।-
- टिका राम गुरुङ, मर्स्याङ्दी - २ रु. १०,०००।-
- पंच को गुरुङ, मर्स्याङ्दी - ३ रु. १०,०००।-
- आस माया तामाङ, मर्स्याङ्दी - ३ रु. १०,०००।-
- थो माया गुरुङ, मर्स्याङ्दी - ३ रु. १०,०००।-
- पूर्ण कुमारी बि.क., मर्स्याङ्दी -६, रु. १०,०००।-
- टिकामाया महत, मर्स्याङ्दी - ७, रु. १०,०००।-
- सन्त काशी गुरुङ, मर्स्याङ्दी - ८ रु.५,०००।-
- रेबिज रोग नियन्त्रण, मर्स्याङ्दी - ८, रु.१२,०००।-
- विष्णु भण्डारी, मर्स्याङ्दी - ९ रु. १०,०००।-
- ईन्द्र बहादुर थापा, मर्स्याङ्दी - ९, रु.५,०००।-

१६. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको विभिन्न धार्मीक, साँस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्चबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- त्रिवेणी यूवा क्लव, बेसिशहर रु. ३०,०००।-
- मानव सेवा आश्रम, बेसिशहर रु. ५०,०००।-
- तमु छोज धि, लमजुङलाई ५० वटा प्लाष्टिक कुर्ची
- मर्स्याङ्दी - ४, ताघृङ महोत्सव रु.५०,०००।-
- ठाडोभाका, लोककला प्रतिष्ठान नेपाल रु. ३०,०००।-
- चक्रतिर्थ धाम विकास समिति, राईनास-४, रु.२०१००।-

१७. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको विपद व्यवस्थापन कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- बुङ छहरा, च्याम्चे, मर्स्याङ्दी - ४ खानेपानी पाईप खरिद रु. ३२,२७१।-
- स्याङ्गे बजार बाटो निर्माण, मर्स्याङ्दी - ४ रु.४३,५००।-
- धन बहादुर गुरुङ, मर्स्याङ्दी - ५ (उपल्लो चिप्ला गोरेटो बाटो मर्मत) रु. १५,०००।-